जि.प्र.का.सिरहा द.नं. ८७-०७०/७१

तराई मधेशको लोकप्रिय पत्रिका

# मार्गानुगामी

राष्ट्रिय दैनिक

MARGANUGAMI NATIONAL DAILY

*कुनै पनि विचार, समाचार र विज्ञापन प्रकाशन गर्नु परेमा हामीलाई सम्झनुहोस्। हामी तपाईंलाई उचित स्थान दिनेछौं। साथै राष्ट्रिय तथा स्थानीय पत्रपत्रिकामा कुनै पनि विज्ञापन प्रकाशन गर्न चाहनु हुन्छ भने सम्पर्क गर्नुहोला।*

**मार्गानुगामी राष्ट्रिय दैनिकको कार्यालय**
गोलबजार नगरपालिका-६, सिरहा
फोन नं.: ०३३-५४०३५६
मो. नं. ९८५२८३२६३४, ९८१०५३५५००
इमेल : mgnd2070@gmail.com

बर्षः १२, अंकः ३१९ पृष्ठः ४ | २०८३ बैशाख ०३ बिहीबार (Thursday 16 April 2026) | मूल्य रु. ५।- | इमेल : mgnd2070@gmail.com

## निर्धारित समयभन्दा अघि सर्रे खोलाको पुल सम्पन्न हुने



सिरहा, २ वैशाख। जिल्लाको लहान नगरपालिका–२४ स्थित गोविन्दपुर र झुट्की गाउँलाई जोड्ने सर्रे खोलाको पुल निर्माण अन्तिम चरणमा पुगेको छ। आगामी असोजसम्मको समयसीमा रहे पनि निर्माण कम्पनीले मनसुन अगावै पुल सञ्चालनमा ल्याउने गरी कामलाई तीव्रता दिएको हो। कुल १७० मिटर लम्बाइको यो पुलमा तीनवटा स्पान रहेका छन्, जसमध्ये दुई वटाको काम पूरा भइसकेका छन् भने बाँकी एउटा स्पानको काम अन्तिम चरणमा पुगेको छ। रु ३१ करोड २९ लाख ५३ हजार २५० ( भ्याटसहित) को लागतमा 'हिराचन्द कन्स्ट्रक्सन'ले यसको निर्माण गरिरहेको छ।

पुल निर्माण कम्पनीका 'प्रोजेक्ट इन्जिनियर' प्रज्वल बस्नेतका अनुसार विसं २०८० जेठ ३१ गते सम्झौता भएको यस आयोजनालाई तोकिएको समयभन्दा अगाडि हस्तान्तरण गर्ने लक्ष्य छ। उहाँले भन्नुभयो, "हामीले आगामी मनसुन सुरु हुनुअघि नै पुल निर्माण सम्पन्न गरेर यातायात सञ्चालन गर्ने लक्ष्यका साथ काम गरिरहेका छौं।"

पुल नहुँदा खोलापारिका खेस्राहा, डाडाँटोल र मानिकदह क्षेत्रका स्थानीयले वर्षौंदेखि सास्ती खेप्दै आएका थिए। स्थानीय वीरेन्द्र यादवले विगत सम्झँदै भन्नुभयो, "खोलामा बाढी आउँदा घण्टौँ किनारमा बस्नुपर्थ्यो। बिरामी पर्दा एम्बुलेन्स आउन सक्दैनथ्यो, अब ती दिन सकिने भए।" लहान बजारबाट करिब आठ किलोमिटर उत्तरमा रहेको यो पुलले लहानका साथै धनगढीमाई नगरपालिका–१२ को सिमलटोकीका बासिन्दालाई ठूलो राहत दिनेछ।

यो पुल निर्माण हुनुमा स्वर्गीय नेता प्रदीप गिरीको ठूलो योगदान रहेको स्थानीय बताउँछन्। विसं २०७४ को निर्वाचनमा यस क्षेत्रबाट उम्मेदवार हुँदा उहाँले गर्नुभएको प्रतिबद्धता र निर्वाचित भएपछिको निरन्तर पहलकै कारण अहिले पुल निर्माण अन्तिम चरणमा पुगेको हो। स्थानीय शिवदत राईले

**–बाँकी अन्तिम पेजमा**

## दश हजारभन्दा बढी अनलाइन सट्टेबाजी एप र वेबसाइट बन्द

काठमाडौँ, २ वैशाख। अनलाइन सट्टेबाजीसँग सम्बन्धित १० हजारभन्दा बढी एप्लिकेसन (एप) र वेबसाइट (यूआरएल) बन्द गरिएको छ। नेपाल दूरसञ्चार प्राधिकरणका उपनिर्देशक सूर्यप्रसाद लामिछानेका अनुसार अवैध रूपमा सञ्चालनमा रहेका सट्टेबाजीसम्बन्धी एप तथा वेबसाइटहरू पहिचान गरी बन्द गरिएको हो।

"सबैजसो इन्टरनेट सेवा प्रदायकले हालसम्म १० हजारभन्दा बढी यस्ता एप र वेबसाइट बन्द गरिसकेको जानकारी गराएका छन्। नेपाल टेलिकमले सबैभन्दा धेरै २१ हजारभन्दा बढीको सङ्ख्यामा बन्द गरेको छ, यस्ता एप र वेभसाइट निरन्तर पहिचान गर्ने र बन्द गर्ने क्रम चलिरहेको छ", लामिछानेले राससँग भन्नुभयो।

सरकारको शासकीय सुधारसम्बन्धी निर्णय कार्यान्वयनका क्रममा नेपाल दूरसञ्चार प्राधिकरणले इन्टरनेट सेवा प्रदायकसँगको समन्वयमा यस्तो कदम चालेको हो। मन्त्रिपरिषद्को यही चैत १३ गतेको बैठकबाट स्वीकृत शासकीय सुधारसम्बन्धी १०० कार्यसूचीमध्ये बुँदा नम्बर ४२ मा सट्टेबाजीसम्बन्धी एप तथा वेबसाइट २४ घण्टाभित्र बन्द गर्ने व्यवस्था गरिएको छ।

सोही निर्णयअनुसार सञ्चार तथा सूचना प्रविधि मन्त्रालयले चैत १५ गते मन्त्रीस्तरबाट नेपाल दूरसञ्चार प्राधिकरणलाई आवश्यक निर्देशन दिएको थियो। उक्त निर्देशनपछि प्राधिकरणले इन्टरनेट सेवा प्रदायकसँग समन्वय गरी विद्युतीय माध्यममार्फत सञ्चालन भइरहेका सट्टेबाजीसम्बन्धी सबै पहिचान भएका एप तथा वेबसाइट तत्काल बन्द गरेको जनाएको छ। मुलुकी अपराध संहिता, २०७४ को दफा १२५ को उपदफा (४) अनुसार कसैले

**–बाँकी अन्तिम पेजमा**

## लहानमा क्रिकेट रंगशाला निर्माण अघि बढ्यो

**विनय आजाद**

सिरहा, २ वैशाख। सिरहाको लहान नगरपालिका–४ स्थित यज्ञभूमिमा क्रिकेट रंगशाला निर्माणको काम अघि बढेको छ। संघ र स्थानीय सरकारको संयुक्त लगानीमा रंगशाला निर्माणको



काम सुरू भएको हो। रंगशाला निर्माणका लागि नगर प्रमुख महेश प्रसाद चौधरीले बिहीबार औपचारिक रूपमा शिलान्यास गरे। रंगशाला निर्माणका लागि कुल आठ करोड २३ लाख रुपैयाँको लागत अनुमान गरिएकोमा सञ्जय जेसी तनिष्का जेभी निर्माण कम्पनीले ५ करोड ६२ लाखमा ठेक्का लिएको छ।

यसका लागि नगरपालिकाले ५ करोड तथा संघ सरकारले ३ करोड रुपैयाँ विनियोजन गरेको थियो। नगरपालिका र निर्माण कम्पनीबीच भएको ठेक्का सम्झौताअनुसार यो रंगशाला २०८३ चैतभित्रै निर्माण भइसक्नुपर्नेछ। यो क्रिकेट

**–बाँकी अन्तिम पेजमा**



**GUPTA BROTHER'S AUTO TRADE**
Mirchaiya, 033-550744 | 9801552812

**सम्पदा जोगाऔं, पहिचान बचाऔं।**

- ऐतिहासिक, सांस्कृतिक तथा प्राकृतिक सम्पदाको संरक्षण गरौं।
- सम्पदा क्षेत्रमा फोहोर नगरौं।
- पुरातात्विक तथा धार्मिक स्थलहरूमा तोडफोड वा क्षति नपुर्‍याऔं।
- स्थानीय संस्कृति, परम्परा र मूल्य–मान्यताको सम्मान गरौं।
- सम्पदा क्षेत्रको संरक्षणसम्बन्धी नियम तथा निर्देशनहरूको पालना गरौं।
- पर्यटक तथा आगन्तुकहरूलाई सम्पदाको महत्वबारे जानकारी गराऔं।
- अनधिकृत निर्माण तथा अतिक्रमणबाट सम्पदालाई जोगाऔं।
- पुराना सम्पदाहरूको मर्मत सम्भार र संरक्षणमा समुदायको सक्रियता बढाऔं।

**सम्पदा जोगाउनु हाम्रो कर्तव्य हो।**

**नेपाल सरकार**
**विज्ञापन बोर्ड**

# सम्पादकीय

## प्रमाणसहित सम्पत्तिको स्रोत सार्वजनिक गर !

नयाँ सरकारका मन्त्रीहरूले आफ्नो सम्पत्ति विवरण सार्वजनिक गरेपछि त्यसको स्रोतका सम्बन्धमा सामाजिक सञ्जाल र सञ्चार माध्यममा समेत विशेष चासो प्रकट भइरहेका छन्। प्रधानमन्त्री बालेन्द्र शाह र उनका मन्त्रीहरूसँग अपेक्षाकृत औसत नेपालीका तुलनामा ठूलो धनराशि नगदका साथै जग्गा, सवारीसाधन र ठूलै परिमाणमा सेयर र बहुमूल्य धातु भएको देखिएपछि आलोचना बढेको हो।

गएको सोमबार त विद्यार्थीहरूको एउटा समूहले सम्पत्तिको स्रोत खुलाउन माग गर्दै प्रदर्शन नै गरे। प्रदर्शनकारी विद्यार्थीले मन्त्रीहरूले देखाएको विवरणअनुसारको सम्पत्ति कसरी आर्जन गरे भन्ने छानबिन हुनुपर्ने माग पनि गरेका छन्। यस्तै माग र टिप्पणी समाजमा, सामाजिक सञ्जालमा र सञ्चारमाध्यमहरूमा भइरहेको देखिन्छ।

त्यसो त सार्वजनिक पदमा बस्नेहरूसँग सम्पत्ति देखियो भने सरासर 'अवैध कमाइ' हो भनिहाल्ने बानी छ नेपाली समाजको। सम्पत्ति सबै कालोधन नै हुन्छ भन्नु अन्याय र असत्य दुवै हुन्छ। यसैले वर्तमान मन्त्रिपरिषद्का सदस्यहरूले सार्वजनिक गरेको विवरणमा देखाइएको सम्पत्तिलाई अवैध ठहर गरिहाल्नु हुँदैन।

अर्कातिर सार्वजनिक पदमा रहेकाहरूको सम्पत्ति मात्र होइन सबै क्रियाकलापमा जनचासो हुन्छ र त्यसमा टीकाटिप्पणी हुनु पनि उत्तिकै स्वाभाविक र सही हो। सार्वजनिक जीवनमा प्रवेश गरेकै दिनदेखि गोपनीयताको केही रेखा स्वतः मेटिन्छन्। मन्त्रीहरूको सम्पत्ति विवरणमा उठाइएका प्रश्नहरूलाई यसैले अर्थेल्याइँ ठान्न मिल्दैन।

कानुनी औपचारिकताका पेस गरिने सम्पत्ति विवरणलाई उति भरपर्दो भने मानिँदैन। विगतमा बहुमूल्य धातु धेरै देखाउनेहरूले दाइजोबाट प्राप्त भन्ने गर्थे। अहिले पनि एकाधले त्यस्तै उल्लेख गरेको देखिएको छ। विगतमा कतिपय सन्दर्भमा दाइजो दिने भनिएकाहरूको सम्पत्तिसँग तुलना गर्दा हास्यास्पद र शंकाजनक तथ्यहरू प्रकट भएका थिए। जे होस्, समाजले प्रश्न उठाएपछि त्यसको सन्देह निवारण गर्नु मन्त्रीहरूकै दायित्व हो। उनीहरूले नै सार्वजनिक गरेको विवरणमा प्रश्न उठाइएको न हो। कुनै सम्पत्ति कसरी स्वआर्जन हो र त्यसको कानुनबमोजिम कर तिरिएको छ कि छैन भन्ने र पैत्रिक भनिएको सम्पत्तिका हकमा कहिले कसरी स्वामित्वमा आयो भन्नेजस्ता जानकारी दिएर शंका निवारण गर्नुपर्छ।

नगद, सेयर र बहुमूल्य धातुको स्रोत विश्वसनीय रूपमा सार्वजनिक गरिएन भने छिटै नै यस मन्त्रिपरिषद्का सदस्य पनि उस्तै रहेछन् भन्ने धारणा बन्नेछ। त्यसले जनतालाई फेरि छिटै नै निराश बनाउन सक्छ। जनताको निराशा भयावह आक्रोशमा बदलिन धेरै बेर लाग्दो रहेनछ भन्ने त २०८२ भदौमा देखिसकिएको छ।

पूर्वअर्थमन्त्री रामेश्वर खनालले सामाजिक सञ्जालमार्फत सार्वजनिक गरिएको विवरणलाई विश्वसनीय हुनेगरी पुष्टि गर्ने केही उपाय सुझाएका छन्। उनका अनुसार आन्तरिक राजस्व कार्यालयमा बुझाएको आम्दानीको विवरण र कर चुक्ताको अभिलेखले आर्थिक इमानदारी मूल्याङ्कनका लागि बढी विश्वसनीय,पारदर्शी र प्रमाणित आधार प्रदान गर्छ।

पूर्वमन्त्री खनालको यस सल्लाहलाई मार्गदर्शनका रूपमा ग्रहण गरी प्रधानमन्त्री शाहलगायत मन्त्रिपरिषद्का सबै सदस्यले सम्पत्तिको स्रोतको भरपर्दो प्रमाणसहित विवरण सार्वजनिक गर्नु उचित देखिन्छ। आफ्नै सम्पत्तिको स्रोत पुष्टि गर्न नसक्ने हो भने अरूको सम्पत्ति छानबिन गर्ने नैतिक अधिकार हुँदैन।

# आरोग्य पर्यटन प्रवर्द्धनमा नयाँ आयाम

**कृष्ण अधिकारी**

काठमाडौं, २ वैशाख। वर्तमान सरकारले शासकीय सुधारका लागि तयार गरेको कामको सूचीमा आरोग्य पर्यटनलाई आर्थिक रूपान्तरणको राष्ट्रिय एजेन्डासहित नेपालको योग र प्राकृतिक चिकित्सा पर्यटनलाई अन्तर्राष्ट्रिय रूपमा चिनाउने योजना अघि सारेको छ। सरकारले हालै सार्वजनिक गरेको शासकीय सुधारका लागि एक सय कार्यसूचीको ७३ नं बुँदामा नेपाललाई आरोग्य पर्यटन (पूर्वीय दर्शन, ध्यान, योग, प्राकृतिक चिकित्सालगायत) को 'हब' बनाउन १५ दिनभित्र आरोग्य पर्यटन रणनीति जारी गर्ने उल्लेख गरेको छ। साथै, नेपालको प्रस्तावमा संयुक्त राष्ट्रसङ्घको महासभाले हरेक वर्ष अप्रिल १५ लाई अन्तरराष्ट्रिय आरोग्य दिवस मनाउने निर्णय गरेकामा उक्त प्रस्तावमा मतदान गर्ने सबै सदस्य राष्ट्रहरुलाई धन्यवाद ज्ञापन गरिएको छ। आरोग्य पर्यटनलाई प्रवर्द्धन गर्न 'नेपाल वेलनेस इयर २०२७' मनाउन अन्तरनिकाय संयन्त्र बनाउने निर्णयले नेपाललाई आरोग्य पर्यटनको केन्द्रको रुपमा स्थापित गर्न बाटो खुलेको छ।

औषधि विज्ञानका क्षेत्रमा आज विश्वमा अनेक खोज अनुसन्धानहरुसँगै नयाँनयाँ रोगको सङ्क्रमण पनि उत्तिकै बढ्दै जाँदा आधुनिक चिकित्सा पद्दतिले आम मानिसलाई पूर्ण स्वास्थ्यको सुनिश्चित गर्न सकेको छैन। निदानात्मक उपचार पद्दतिबाट कुनै रोगको उपचार हुन सके पनि त्यसको नकारात्मक असरबाट अर्को स्वास्थ्य समस्या देखिन जाँदा मानिसलाई पूर्ण निरोगी तुल्याउन कठिन भएको छ। वास्तवमा स्वास्थ्यलाई केवल उपचारको विषयका रूपमा मात्र नभई समग्र जीवनशैली र सामाजिक प्रणालीसँग जोडेर हेर्नुपर्ने हुन्छ। मानिसको स्वास्थ्य स्थिति आन्तरिक सन्तुलन, सचेतना, स्वजागरण र आरोग्यबाट सुरु हुन्छ।

पछिल्लो समय स्वास्थ्यलाई केवल रोग नलाग्नुको अवस्था मात्र नभई समग्र कल्याणको अवस्थाका रूपमा परिभाषित गरेको छ। दिगो र सुदृढ समाज निर्माणका लागि रोकथाममुखी स्वास्थ्य सेवा, स्वस्थ जीवनशैलीको प्रवर्द्धन तथा सबैलाई पहुँच हुने समावेशी स्वास्थ्य प्रणाली विकासमा जोड दिन थालिएको छ। यहाँ स्वास्थ्य भन्नाले शारीरिक, मानसिक, सामाजिक, सांस्कृतिक, भावनात्मक तथा पर्यावरणीय पक्षसहितको समग्र सन्तुलित अवस्थालाई जनाउँछ। आधुनिक उपचार पद्दतिभन्दा पनि रोग नलाग्ने अवस्था मात्र नभई शारीरिक, मानसिक, सामाजिक तथा पर्यावरणीय सन्तुलनसहितको समग्र कल्याणका रूपमा राख्न पूर्वीय सभ्यतामा आधारित आरोग्यता जरुरत हुने तथ्यलाई विश्वव्यापी रुपमा स्वीकार गर्न थालिएको छ।

**राष्ट्र सङ्घद्वारा नेपालको प्रस्ताव स्वीकार**

नेपालले प्रस्ताव गरे अनुसार समग्र स्वास्थ्य, सुख र सन्तुलित जीवनशैली प्रवर्द्धन गर्ने उद्देश्यले संयुक्त राष्ट्र सङ्घको महासभाले गत मार्च १० मा हरेक वर्ष अप्रिल १५ लाई अन्तर्राष्ट्रिय आरोग्य दिवस मनाउने प्रस्ताव पारित गरेसँगै देशमा आरोग्य पर्यटन (वेलनेस टुरिजम) प्रवर्द्धनले थप गति लिने विश्वास गरिएको छ। यसलाई नेपालका लागि कूटनीतिक तथा सांस्कृतिक दृष्टिले महत्वपूर्ण उपलब्धि मान्न सकिन्छ। सस्तो, सुलभ र समावेशी स्वास्थ्य अभ्यास अवलम्बन गर्न सबैलाई प्रेरित गर्नु नै यो दिवसको मुख्य लक्ष्य हो। यसले स्वस्थ जीवनशैली, मानसिक स्वास्थ्य संरक्षण तथा प्रकृतिसँग सन्तुलित जीवन बिताउन विश्व समुदायलाई प्रेरित गर्नेछ। नेपालले अन्तर्राष्ट्रिय स्तरमा आरोग्यको अवधारणालाई प्रवर्द्धन गर्ने उद्देश्यसहित यो प्रस्ताव अघि सारेको हो। महासभाबाट प्रस्ताव पारित भएसँगै आरोग्यसम्बन्धी अवधारणालाई विश्वव्यापी रूपमा संस्थागत गर्ने दिशामा महत्वपूर्ण कदमका रुपमा लिन सकिन्छ। नेपालले प्रस्तुत गरेको अवधारणाले विश्वव्यापी स्वास्थ्य बहसलाई नयाँ आयाम दिने विश्वास गरिएको छ।

महासभामा प्रस्ताव पारित भएपछि यसले विश्व समुदायलाई स्वास्थ्यप्रति समग्र दृष्टिकोण अपनाउन प्रेरित गरेको छ। साथै, विश्वभर सुदृढ र दिगो समाज निर्माणका लागि रोकथाममुखी स्वास्थ्य सेवा, स्वस्थ जीवनशैली तथा समावेशी स्वास्थ्य प्रणाली प्रवर्द्धन गर्नुपर्ने आवश्यकतामा पनि जोड दिएको छ। यस प्रस्तावले विश्वभर स्वास्थ्य प्रवर्द्धनका लागि बहुआयामिक दृष्टिकोण अपनाउन मार्गनिर्देशन गर्नुका साथै योग, ध्यान र प्राकृतिक उपचारमा आधारित आरोग्य पर्यटन प्रवर्द्धनमा समेत नेपाललाई महत्वपूर्ण अवसर प्राप्त भएको छ।

विश्वव्यापी रुपमा आरोग्य पर्यटनको महत्वपूर्ण हिस्साको रुपमा प्रवर्द्धन गर्न सकिने र यसबाट नेपाली पर्यटन परिदृश्यको गुणात्मक सुधार हुने अपेक्षा गरिएको छ। यसबाट नेपाल आउने पर्यटकको संख्या वृद्धि हुने, पर्यटकको औसत बसाई लम्बिने र पर्यटकको दैनिक खर्चमा समेत वृद्धि भई मुलुकको अर्थतन्त्रमा समेत उल्लेख्य सुधार आउने विश्वास गर्न सकिन्छ। स्वास्थ्यलाई बहुआयामिक रूपमा बुझ्ने र त्यसअनुसार नीति तथा कार्यक्रम विकास गर्ने दिशामा यस्तो अन्तर्राष्ट्रिय पहल प्रभावकारी हुन सक्छ।

आरोग्य पर्यटनको प्रस्तावक राष्ट्रको हैसियतमा विश्व पर्यटन बजारमा नेपाल प्रमुख स्रोत गन्तव्यको रुपमा स्थापित हुने भएकाले नवीन सोच, प्रभावकारी कार्यक्रम र परिणाममुखी व्यवस्थापनमार्फत नेपाललाई आरोग्य पर्यटनको केन्द्रका रूपमा स्थापित गर्न सम्बद्ध सबै राष्ट्रिय तथा अन्तर्राष्ट्रिय पक्षको सक्रियता आवश्यक पर्दछ। विशेषगरी स्वास्थ्य सेवामा समान पहुँच, रोगको रोकथाम, मानसिक स्वास्थ्य प्रवर्द्धन तथा वातावरणीय स्वास्थ्यका विषयलाई प्राथमिकताका साथ अघि बढाउनुपर्ने हुन्छ। यसका लागि सरकार, अन्तर्राष्ट्रिय संस्था तथा समुदायबीच सहकार्य बढाउँदै स्वास्थ्य प्रणालीलाई थप प्रभावकारी बनाउनु पर्ने हुन्छ।

**आरोग्य पर्यटनको सम्भावना**

आरोग्य पर्यटनलाई नेपालले 'सफ्ट पावर' का रूपमा प्रयोग गर्न सक्ने अवसर रहेको छ। ध्यान, योग र प्राकृतिक चिकित्सासहितको आरोग्य पर्यटनले राष्ट्रिय गौरव जोगाउन र मानव कल्याणयुक्त पर्यापर्यटनको विकासमा सहयोग पुग्नेछ। प्राकृतिक सम्पदा, सांस्कृतिक धरोहर, परम्परागत चिकित्सा प्रणाली र आध्यात्मिक शक्तिजस्ता आधारहरुले नेपाल आरोग्य पर्यटनका लागि विश्वमै प्रमुख गन्तव्य स्थल बन्न सहयोग पुग्दछ। यहाँको भौगोलिक विविधता, योग र ध्यानकोकेन्द्र, आयुर्वेदिक जडीबुटी र परम्परागत उपचार पद्धति, धार्मिक सहिष्णुता, सांस्कृतिक सम्पदा, स्वच्छ पानी र जैविक खाद्य प्रणाली नै आरोग्य पर्यटनका लागि उपयुक्त आधारहरु हुन्।

'आरोग्य नै समृद्धिको आधार हो' भन्ने लक्ष्यका साथ हाम्रा नीति, योजना र कार्यक्रमहरु कार्यान्वयन गर्न सक्दा विश्व समुदायबाट राम्रो लाभ लिन सकिने अवसर रहेको छ। आज विश्वभर आरोग्य उद्योग तीव्र गतिमा विस्तार भइरहेको छ। ग्लोबल वेलनेस इन्स्टिच्युटका अनुसार सन् २०२४ मा विश्व आरोग्य अर्थतन्त्र ६.७६ ट्रिलियन अमेरिकी डलर पुगेको छ, जुन सन् २०१९ को ४.९९ ट्रिलियन डलरको तुलनामा करिब १३४.४ प्रतिशतले बढी हो। सन् २०२९ मा यो ९.७५ ट्रिलियन अमेरिकी डलर पुग्ने अनुमान गरिएको छ। यसमा थोरै अंश भए पनि प्राप्त गर्न सक्दा नेपालको समृद्धिमा ठूलो योगदान पुग्दछ।

आज विश्व आपसी द्वन्द्व, अस्थिर राजनीति र धराशायी अर्थतन्त्रका कारण अशान्त, तनाव र अस्वस्थकर वातावरणमा गुज्रिन बाध्य भइरहेको अवस्थामा संयुक्त राष्ट्र सङ्घले नेपालको प्रस्तावलाई स्वीकार गरी मानवको समग्र आरोग्य र कल्याणलाई अन्तर्राष्ट्रिय एजेन्डामा स्थान दिनु अत्यन्त प्रेरणादायी र महत्वपूर्ण अवसर हो। नेपालले आरोग्य पर्यटनलाई आफ्नो राष्ट्रिय ब्रान्डका रूपमा स्थापित गर्न सकेको अवस्थामा आर्थिक समृद्धि मात्र होइन, विश्वलाई स्वास्थ्य, शान्ति र सन्तुलित जीवनशैली प्रदान गर्ने केन्द्रका रूपमा आफूलाई स्थापित गर्न सक्ने अवसर प्राप्त गरेको छ। अन्त्यमा नेपाललाई आरोग्य र आरोग्य पर्यटनको विश्व केन्द्रका रूपमा विकास गर्ने अभियानलाई सरकार, नागरिक समाज र आम नेपाली नागरिकको सामूहिक पहलमा अगाडि बढाउन सकेमा मुलुकको दिगो समृद्धिको र विश्वमा नेपालको बलियो योगदानको मार्गप्रशस्त गर्न सकिन्छ।

आज नेपाललगायत विश्वभर "हिमालको चेतना, विश्वको आरोग्य" भन्ने नाराका साथ नेपाललगायत संसारभर आरोग्य दिवस मनाइँदैछ। जीवन विज्ञानले लामो समयदेखि नै विश्वभरका मानिसहरूको पूर्ण स्वास्थ्य र समग्र कल्याणका लागि योग, ध्यान र आरोग्यका कार्यक्रमहरू सञ्चालन गर्दै आएको छ। त्यस्तै आरोग्य पर्यटनको क्षेत्रमा कार्य गरिरहेको होटल सङ्घ नेपालले नेपाल सरकारको नेतृत्वमा आरोग्य पर्यटनसम्बन्धी रणनीतिक अवधारणापत्र तयार गर्ने काममा सहकार्य गर्दै आएको छ। संयुक्त राष्ट्र सङ्घको आह्वानमा आज पहिलोपटक मनाउन लागिएको यस दिवसलाई केबल केबल औपचारिक रुपमा मात्रै नभएर मौलिक ज्ञान, संस्कृति र जीवनशैलीलाई विश्वभर फैलाउने ऐतिहासिक अवसरका रूपमा लिनुपर्छ। आरोग्य पर्यटनलाई प्रवर्द्धन गर्न सरकारले सन् २०२७ लाई 'नेपाल वेलनेस इयर' मनाउने निर्णय गरिसकेको सन्दर्भमा स्वदेशभित्रै सबै सरोकारवाला निकायहरुले आवश्यक पूर्वाधार तयार गर्न र विश्वभर प्रचारप्रसार अभियान थालनीको रुपमा प्रतिज्ञा गर्ने क्षणका रुपमा पनि यस दिनलाई लिनुपर्दछ।

# विराट गोल्ड कप फुटबल प्रतियोगिताः सम्राट स्पोर्टिङ विजयी

मोरङ, २ वैशाख। विराट गोल्ड कप फुटबल–२०८२ प्रतियोगिताअन्तर्गत सम्राट स्पोर्टिङ क्लब विराटनगर विजयी भई सेमिफाइनलमा प्रवेश गरेको छ। विराट गोल्ड कप फुटबल ट्रष्टद्वारा विराटनगरको सहिद रङ्गशालाको 'फ्लडलाइट'मा (रात्रिकालीन) नकआउट आधारमा मङ्गलबार सम्पन्न खेलमा सम्राटले भारतको झारखण्डस्थित विर्सामुण्डा स्पोर्ट्स एकेडेमीलाई ३–१ गोलअन्तरले पराजित गर्दै समिफाइनलमा प्रवेश गरेको छ।

विर्सामुण्डाका शङ्कर किस्कुले ४४औँ मिनेटमा गोल गरेका थिए भने खेलको ५०औँ मिनेटमा सम्राटका मौसम लिम्बू, ८६औँ मिनेटमा प्रताप तामाङले गोल गरे। खेलको अतिरिक्त (इन्जुरी) समयमा प्रताप तामाङले पुनः दोस्रो गोल गर्दै टोलीलाई ३–१ को अन्तरले विजयी बनाएका छन्। उत्कृष्ट प्रदर्शन गरेका प्रताप तामाङ प्लेयर अफ द म्याच घोषित भई नगद रु ११ हजार प्राप्त गरेका छन्।

प्रतियोगिता आगामी २०८३ वैशाख ५ गतेसम्म हुने र नेपाल र भारतका गरी आठवटा टोलीले भाग लिएका छन्। विराटनगर गोल्ड कपको ३८औँ संस्करणमा विजेता हुने टिमले रु ११ लाख, उपविजेताले रु पाँच लाख, उत्कृष्ट प्रशिक्षकलाई रु१५ हजार, उत्कष्ट गोलरक्षकलाई रु १५ हजार, सर्वाधिक गोलकर्तालाई रु १५ हजार, सर्वोकृष्ट खेलाडीलाई रु ५१ हजार र दैनिक हुने खेलको उत्कृष्ट खेलाडीलाई नगद रु ११ हजार पुरस्कार प्राप्त गर्ने ट्रष्टका अध्यक्ष किशोरबहादुर शाहीले जानकारी दिनुभयो।

प्रतियोगिताअन्तर्गत बुधबारको पहिलो सेमिफाइनल खेल विभागीय टोली नेपाल पुलिस क्लब र झापा ११ बीच प्रतिस्पर्धा हुने आयोजकले जनाएको छ।

छुवाछुत एक सामाजिक अपराध र मानव अधिकारको हनन् हो। समाजबाट छुवाछुत प्रथा हटाउने दायित्व प्रत्येक नागरिकको हो। छुवाछुतलाई कानूनले दण्डणीय अपराध घोषणा गरेको छ।

# मधेस सरकारप्रति मधेस केन्द्रित दलको असन्तुष्टि




काठमाडौँ, २ वैशाख। मधेस प्रदेश सरकारप्रति मधेस केन्द्रित दलले असन्तुष्टि जनाउन थालेका छन्। कांग्रेस नेतृत्वमा बनेको मधेस प्रदेश सरकारले गति नलिएको भन्दै सरकारको सहयोगी घटक जनता समाजवादी पार्टी नेपाल र जनमत पार्टीले असन्तुष्टि जनाउन थालेका छन्। जनमत पार्टीका महासचिव चन्दन सिंहले भने, 'अहिले मधेस प्रदेशमा कांग्रेस नेतृत्वमा सरकार छ। सरकारले काम गर्न सकेको छैन, तर गाली मधेसवादी दलले खाइरहेका छन्।'

वैशाख सुरु भइसक्दा प्रदेश सरकारले वार्षिक बजेटको १० प्रतिशत पनि खर्च गरेको छैन। 'बाँकी डेढ/दुई महिनामा सरकारले कति काम गर्ला ?' सिंहले भने, 'सत्ता साझेदार दललाई समेटेर सरकारले कामको गतिलाई तीव्रता दिएन भने सरकारकै बारेमा पुनर्विचार गर्नुपर्ने हुन्छ।' केही समय पहिले जनमत पार्टीको सचिवालय बैठकमा पनि सरकारको बारेमा समीक्षा भएको थियो। त्यो बैठकले पनि सरकारको काम–कारबाही सन्तोषजनक नरहेको निष्कर्ष निकालेको थियो। 'सरकारले वार्षिक बजेट नै खर्च गर्न सकेन भने त्यो सरकारको के काम ?' सिंहले भने।

मुख्यमन्त्रीले काम गर्न र गराउन नसकेको खण्डमा त्यसको दोष अरु सहयोगी दललाई पनि जाने भन्दै उनले मुख्यमन्त्रीले कार्यशैली र काम कारबाहीमा सुधार गर्नुपर्ने खाँचो औँल्याए। जनमत पार्टीले मधेस सरकारमा अर्थ मन्त्रालयसहित दुई वटा मन्त्रालय सम्हालेको छ। जसपा नेपालका मधेस प्रदेश सभा सदस्य सरोज यादवले पनि सरकारले जुन गतिमा काम गर्नुपर्ने हो, त्यो गतिमा काम गर्न नसकेको बताए। सरकारले जारी गरेको नीति तथा कार्यक्रम एवं बजेटको आधारमा काम अगाडि बढ्न नसकेको उल्लेख गर्दै उनले त्यहाँ मुख्यमन्त्री भन्दा पनि कर्मचारीबाट असहयोग भइरहेको बताए।

मधेस सरकारमा रहेका सचिवहरूको कारणले सरकारले काम गर्न नसकिरहेको कुरा आफूलाई मुख्यमन्त्रीले भनेको उनको भनाइ छ। आर्थिक वर्षको अन्तिम अन्तिम समय आइसके पनि जुन गतिमा काम हुनुपर्ने हो, त्यसरी नहुनुमा मुख्यमन्त्री तथा मन्त्रीहरू भन्दा त्यहाँका कर्मचारी दोषी रहेको प्रदेश सभा सदस्य यादवले बताए। कर्मचारीबाट असहयोग भएको कारण सोचे अनुसारको काम नभएको भन्दै उनले यसमा मुख्यमन्त्रीले भूमिका खेल्नुपर्ने बताए।

कांग्रेसका मधेस प्रदेश सभापति समेत रहेका कृष्ण यादवको नेतृत्वमा सरकार छ। कांग्रेस नेतृत्वको सरकारलाई जसपा नेपाल, जनमत पार्टी, लोसपा नेपाल, नेकपा माओवादी केन्द्र र नेकपा एकीकृत समाजवादीले सघाएको छ। जसपा नेपाल र लोसपा नेपालबिच एकता भई जसपा नेपाल बनेको छ। माओवादी केन्द्र र नेकपा एकीकृत समाजवादीबिच एकता भई नेपाली कम्युनिस्ट पार्टी बनेको छ। जेनजी आन्दोलनपछि जनमत पार्टीको नेतृत्वमा रहेको सरकारको मुख्यमन्त्री सतिश सिंहले राजीनामा दिएपछि तत्कालीन लोसपा नेपालका मधेस प्रदेश सभाका सदस्य जितेन्द्र सोनले मुख्यमन्त्री बनेका थिए। जसको सहयोगमा उनी मुख्यमन्त्री बनेका थिए, त्यही दलका प्रदेश सभा सदस्यले विश्वासको मत नदिएपछि जितेन्द्र सोनलले मुख्यमन्त्री पदबाट राजीनामा दिएका थिए।

अर्को सरकार गठनमा ढिलासुस्ती गरेको भन्दै मधेस केन्द्रित दलहरूले आन्दोलन सुरु गरेका थिए। कांग्रेस, तत्कालीन माओवादी केन्द्र, नेकपा एकीकृत समाजवादीको पनि आन्दोलनमा सहयोग थियो। आन्दोलनकै क्रममा तत्कालीन प्रदेश प्रमुखले बिहान चार बजे एमालेका नेता सरोज यादवलाई महोत्तरीको एक कटेजमा मुख्यमन्त्रीको शपथग्रहण गराएका थिए।

त्यसपछि झन् विवाद भयो। सर्वोच्चसम्म मुद्दा चल्यो। सर्वोच्च अदालतले सरोज यादव नेतृत्वको सरकार गठन प्रक्रिया असंवैधानिक रहेको ठहर गर्‍यो। मधेस केन्द्रित दलले आफ्नै नेतृत्वमा सरकार बनाउन चाहे पनि कांग्रेसले मानेन। मधेसवादी दलले बाध्य भएर कांग्रेसको नेतृत्वमा गत मंसिर १९ गते सरकार बनाएका थिए। कांग्रेसको नेतृत्वमा सरकार बनेको ६ महिनाभन्दा बढी भइसक्दा पनि हालसम्म सरकारले गति नलिएको भन्दै मधेस केन्द्रित दलले असन्तुष्टि जनाउन थालेका छन्।

# जन्मदर्ता, विवाह दर्ताजस्ता पञ्जीकरणसम्बन्धी प्रमाणपत्र पनि नागरिक एपमा उपलब्ध हुने

काठमाडौँ, २ वैशाख। राष्ट्रिय पञ्जीकरणका सूचना नागरिक एपमा एकीकरण गर्ने प्रक्रिया अघि बढाईएको छ। जन्म दर्ता, विवाह दर्ता, सम्बन्धविच्छेद दर्तालगायतका पञ्जीकरणका सूचना एकीकृत प्रणालीमा आबद्ध गर्ने प्रक्रिया थालिएको सूचना प्रविधि विभागका महानिर्देशक श्रीचन्द्र साहले जानकारी दिनुभयो।

अहिले यी विवरणहरू एकीकरणका लागि प्रारम्भिक प्रक्रिया थालिएको र केही समयभित्र कार्यान्वयनमा ल्याउनेगरी तयारी भइरहेको उहाँको भनाइ छ। तथ्याङ्क एकीकरणपछि जन्मदर्ता, विवाह दर्ताजस्ता पञ्जीकरणसम्बन्धी प्रमाणपत्र पनि नागरिक एपमा उपलब्ध हुनेछन्। पछिल्लो समय सरकारले डिजिटल सुशासनलाई थप सुदृढ गर्ने लक्ष्यसहित नागरिक सेवाहरूलाई अनलाइन माध्यमबाट उपलब्ध गराउने अभियानलाई तीव्रता दिइरहेको छ। जसअन्तर्गत निजामती कर्मचारीको व्यक्तिगत विवरण, लोक सेवा आयोगका परीक्षार्थीको प्रवेशपत्र तथा वैदेशिक अध्ययनका लागि आवश्यक 'नो अब्जेक्सन सर्टिफिकेट' (एनओसी) नागरिक एपमार्फतै प्राप्त गर्न सकिने व्यवस्था अन्तिम चरणमा पुगेको विभागले जनाएको छ। त्यस्तै, नेपाल इन्जिनियरिङ परिषद्सँग सम्झौता गरी परिषद्बाट जारी हुने व्यावसायिक इन्जिनियर प्रमाणपत्र पनि नागरिक एपबाटै उपलब्ध हुने प्रक्रियासमेत अघि बढाइएको छ।

सञ्चार तथा सूचना प्रविधि मन्त्रालयको कार्ययोजनाअनुसार नागरिक एपमा थप सेवा उपलब्ध गराउने व्यवस्था मिलाउने र ४५ दिनभित्र सञ्चालनमा ल्याउने लक्ष्य राखिएको थियो। तर सञ्चारमन्त्री डा विक्रम तिमिल्सिनाले तोकिएको अवधिभन्दाअगावै यी कामहरू सकिसक्न विभागलाई निर्देशन दिनुभएको छ। यस पहललाई अघि बढाउन सञ्चारमन्त्री तिमिल्सिनाले विशेष चासो देखाउँदै नागरिक एपमा थप सेवा एकीकृत गर्नसमेत निर्देशन दिनुभएको छ। सोही निर्देशनअनुसार विभागले विभिन्न निकायसँग समन्वय गर्दै प्रणाली विकास तथा परिमार्जनको काम भइरहेको जनाएको छ।

सार्वजनिक सेवामा पारदर्शिता, सहजता र डिजिटल पहुँच विस्तार गर्ने लक्ष्यसहित मन्त्रिपरिषद्को बैठकबाट यहि चैत१३ गते स्वीकृत 'शासकीय सुधारसम्बन्धी एक सय कार्यसूची' को बुँदा नम्बर ३५ मा पनि यो विषय उल्लेख भएको थियो। नागरिक एपमार्फत प्रहरी चारित्रिक प्रमाणपत्र (पुलिस क्लियरेन्स रिपोर्ट) डाउनलोड गर्न सकिने सुविधा भने हाल सञ्चालनमा आइसकेको छ। नयाँ सेवाहरू थपिएसँगै नागरिक एपलाई 'वन–स्टप डिजिटल सेवा प्लेटफर्म' बनाउने सरकारको उद्देश्य अझ सशक्त हुने अपेक्षा गरिएको छ।

डिजिटल माध्यमबाट सेवा उपलब्ध गराउने यस कदमले सेवाग्राहीलाई समय, लागत र प्रक्रियागत झन्झटबाट राहत दिने विश्वास गरिएको छ भने सरकारी सेवा प्रवाहलाई पनि थप पारदर्शी, प्रभावकारी र आधुनिक बनाउने दिशामा महत्त्वपूर्ण उपलब्धि मानिएको छ।

छुवाछुत एक सामाजिक अपराध र मानव अधिकारको हनन् हो। समाजबाट छुवाछुत प्रथा हटाउने दायित्व प्रत्येक नागरिकको हो।
छुवाछुतलाई कानूनले दण्डणीय अपराध घोषणा गरेको छ।

# हेटौँडा सिमेन्ट उद्योग पूर्ण क्षमतामा सञ्चालन गर्न माग

बागमती, २ वैशाख। आर्थिक सङ्कट व्यहोर्दै आएको हेटौँडा सिमेन्ट उद्योग नियमित सञ्चालन गर्न माग गरिएको छ। रुग्ण उद्योगहरूलाई पुनः सञ्चालनमा ल्याउने सरकारले तयारी गरेपछि आर्थिक सङ्कटका कारण कहिले बन्द हुने र कहिले खुल्ने नियति सो उद्योगले भोग्दै आएको छ। सरकारले बन्द उद्योग सञ्चालन गर्ने घोषणा गरेकाले विभिन्न समस्याहरूसँग जुध्दै अएको हेटौँडा उद्योग पनि नियमित र पूर्ण क्षमतामा सञ्चालन गर्न माग गरिएको हो।

सिमेन्ट उद्योगलाई पुनः नियमित कसरी सञ्चालन गर्न सकिन्छ भने विषयमा सांसद प्रकाश गौतमले प्राथमिकता दिएको छ। हेटौँडा सिमेन्ट उद्योगको समस्या समाधान गरी नियमित सञ्चालनका लागि सङ्घीय र बागमती प्रदेश सरकारसँग पहल गरिरहेको उहाँले बताउनुभयो। "हेटौँडा सिमेन्ट उद्योगलाई पुनः कसरी नियमित रूपमा सञ्चालन गर्न सकिन्छ भने विषयमा प्रधानमन्त्री र उद्योगमन्त्रीसँग पनि कुरा गरेको छु", सांसद गौतमले भन्नुभयो, "यसै विषयमा केही दिनअघि बागमती प्रदेशका मुख्यमन्त्रीसँग पनि छलफल गरेको छु, उहाँहरूले पनि सकारात्मक आश्वासन दिनुभएको छ।" उद्योगका कर्मचारीहरूसँग पनि यस विषयमा अन्तर्क्रिया गरेको छु, सबैबाट राम्रै सुझाव आएको छ", उहाँले भन्नुभयो।

"उद्योग चलाउन सकिने सम्भावना देखिन्छ, उद्योग रुग्ण हुनुमा व्यापारिकभन्दा पनि सरकारी भएपछि सेवामूलक, तलबमात्र खाने बाटो बनाएको जस्तो मात्रै देखिन्छ", उहाँले भन्नुभयो, "उद्योगमा हुँदै आएको राजनीतिक हस्तक्षेप, आन्तरिक रूपमा हुने भ्रष्टाचार रोक्न सकियो र नयाँ व्यवस्थापन टिम बनाउन सकियो भने उद्योग चलाउन सकिने सम्भावना देखिन्छ।" त्यसैका लागि म प्रयास गरिरहेको छु, छिट्टै सकारात्मक परिणाम आउन सक्नेमा विश्वास्त छु, उहाँको कथन छ।

उद्योग प्रशासनका अनुसार चालु आर्थिक वर्ष २०८२/८३ मा गत भदौको१९ देखि २४ गतेसम्म पाँच दिनमात्र उद्योग सञ्चालन भएको छ। सो अवधिमा दुई हजार ५०० टन क्लिङ्कर र करिब ३० हजार बोरा सिमेन्ट उत्पादन भएको उद्योगका निमित्त महाप्रबन्धक डा शिवनारायण साह बताउनुभयो। गत चैत १३ गतेदेखि उद्योगले पुनः क्लिङ्कर उत्पादन प्रक्रिया सुरु गरे पनि कच्चा पदार्थ नहुँदा पुनः रोकिएकोछ। अघिल्लो महिनामा कोइला खरिदका लागि बोलपत्र आह्वान गरिए पनि पुरानो बक्यौता रकम तिर्न नसक्दा कोइला आउन नसकेकाले एकदुई दिनमा पुनः उद्योग बन्द हुने निमित्त प्रमुख डा साहको भनाइ छ।

"अहिले मौज्दात रहेको कच्चा पदार्थबाट क्लिङ्कर उत्पादन हुँदैछ, क्लिङ्करबाट सिमेन्ट उत्पादन गरेर प्याकिङ हुन्छ", निमित्त महाप्रबन्धक साहले भन्नुभयो, "अबको एकदुई दिनमा उत्पादन ठप्प हुन्छ, तर नियमित खर्च जस्ताको त्यस्तै छ", डा साहले भन्नुभयो, "उद्योगको उत्पादन बन्द भए पनि कर्मचारीहरूको तलबभत्ता दिनै परेको छ, केही इन्धन खर्च र समान्य मर्मत खर्च भइरहेकै छ।" जसका कारण उद्योगमा आर्थिक समस्या त बढ्दै जाने कुरा त भइनै हाल्यो, उहाँले भन्नुभयो। "उद्योग दैनिक सञ्चालन भयो भने कम्तीमा दैनिक एक सय २० टन कच्चा पदार्थ कोइलाको आवश्यक पर्छ", उहाँले भन्नुभयो, "तर त्यो पनि छैन र कोइलाको पुरानो भुक्तानी भइनसकेकाले तत्काल कोइला आउने सम्भावना पनि छैन।" यसबाहेक आर्थिक समस्याका कारण कर्मचारीले अतिरिक्त समयमा गरेको कामको भुक्तानी पनि गर्न सकिएको छैन भन्नुभयो।

सो उद्योगमा एक सय ६६ जना स्थायी, दैनिक ज्यालादारीका एक सय र ५२ जना सुरक्षाकर्मी गरी तीन सय१८ जना जनशक्ति कार्यरत छन्। आर्थिक समस्याकै कारण विद्युत् प्राधिकरणको लामो समयदेखि महसुल बुझाउन नसकिँदा अहिले बक्यौता थपिएको छ। "विद्युत् उपभोग त गरियो तर महसुल बुझाउन सकिएन", उहाँले भन्नुभयो, "अहिले ठ्याक्कै कति महसुलको बक्यौता बुझाउन बाँकी भने भन्न नसकिए पनि करिब ३०/४० करोड जति बक्यौता बाँकी छ होला।" त्यसैले पनि विद्युत्

**–बाँकी अन्तिम पेजमा**

# सय रुपैयाँभन्दा बढीका सामानमा अनिवार्य भन्सार, निजी क्षेत्रको स्वागत

रूपन्देही, २ वैशाख। सीमावर्ती भारतीय बजारबाट घरायसी प्रयोजनका नाममा बिना भन्सार सामान भित्रिने क्रम बढेपछि भैरहवा भन्सार कार्यालयले सयभन्दा बढी मूल्यका सामानमा अनिवार्य भन्सार महसुल लिने व्यवस्थालाई कडाइका साथ कार्यान्वयनमा ल्याएको छ। मुख्य नाका बेलहिया, सीमावर्ती बजार फरेनियालगायत अन्य साना नाकाहरूमा कडाइ गरिएको छ। सीमावर्ती बजारबाट रु १०० बढीको समान ल्याए भन्सार महसुल बुझाउनुपर्ने भन्दै सशस्त्र प्रहरीले माइकिङ गरिरहेको छ। सरकारको निर्देशन र स्थानीय प्रशासनको सक्रियतामा विगतमा फितलो बनेको उक्त व्यवस्थालाई पुनः प्रभावकारी बनाइएको भन्सार कार्यालयले जनाएको छ।

भैरहवा भन्सार कार्यालयका सूचना अधिकारी उद्धव ढुङ्गानाले अघिल्लो हप्तादेखि नै सो व्यवस्थालाई पूर्ण रूपमा लागू गरिएको जानकारी दिनुभयो। उहाँका अनुसार भारतीय बजारबाट फर्किने सर्वसाधारणलाई सम्झाइबुझाइ गर्दै रु १०० भन्दा बढी मूल्यका सामानमा भन्सार काट्ने कार्य भइरहेको छ। "सुरुका दिनमा जानकारी अभावका कारण सर्वसाधारणबाट गुनासो आएको थियो, तर अहिले सीमा नाकामा माइकिङमार्फत सचेतना फैलाइएको छ", उहाँले भन्नुभयो, "यो व्यवस्थाले ठूलो मात्रामा राजस्व वृद्धि नगरे पनि चुहावट नियन्त्रण र कानुनी शासन कायम गर्न महत्त्वपूर्ण भूमिका खेल्ने विश्वास लिएका छौँ।"

यसअघि पनि करिब डेढ वर्ष अगाडि स्थानीय व्यवसायीहरूको अगुवाइमा भैरहवा भन्सार कार्यालयले यो व्यवस्था लागू गरेको थियो। तर लागू गरेको करिब चार महिनामै कार्यान्वयन फितलो हुँदै गएको थियो। सीमावर्ती क्षेत्रबाट भारतीय बजार हुँदै फर्किने सर्वसाधारणले उक्त मूल्यका सामानमा भन्सार अनिवार्य गरिएको व्यवस्थाप्रति तीव्र असन्तुष्टि जनाएका थिए। अहिले पनि धेरैजसो उपभोक्ताले आफूहरूलाई उक्त नियमबारे पहिले नै पर्याप्त जानकारी नदिइएको गुनासो गरेका छन्। सीमा नाकामा पुगेपछि मात्र भन्सार तिर्नुपर्ने जानकारी पाउँदा अनपेक्षित झन्झट भएको उनीहरूको भनाइ छ।

"हामीलाई पहिले नै जानकारी दिएको भए तयारी भएर आउँथ्यौँ, तर सीमानाकामै थाहा पाउँदा समस्या भएको छ", एक सर्वसाधारणले गुनासो गर्नुभयो। उहाँले रु १०० को सीमा अत्यन्तै न्यून र अव्यवहारिक भएको बताउँदै सामान्य घरायसी सामानमा पनि भन्सार तिर्नुपर्ने व्यवस्था व्यवहारमा कठिन भएको बताउनुभयो। यसैगरी, उपभोक्ताहरूले स्वदेशी बजारमा वस्तुहरूको मूल्य तुलनात्मक रूपमा महँगो रहेको भन्दै ध्यानाकर्षण गराएका छन्। भारतीय बजारमा समान वस्तुहरू सुलभ मूल्यमा र केही अवस्थामा गुणस्तरीय रूपमा पाइने भएकाले सीमापार किनमेल गर्ने प्रवृत्ति बढेको उनीहरूको तर्क छ। "नेपालमै मूल्य सस्तो र सहज रूपमा सामान पाइने भए किन बाहिर जान्थ्यौँ र ?" अर्का एक उपभोक्ताले प्रश्न गर्नुभयो।

यसैबीच, निजी क्षेत्रले उक्त कदमको स्वागत गरेको छ। सिद्धार्थ उद्योग वाणिज्य सङ्घका अध्यक्ष नेत्रप्रसाद आचार्यले लामो समयदेखि व्यवसायीहरूले उठाउँदै आएको माग सरकारले सम्बोधन गरेको बताउनुभयो। उहाँले विगतमा पनि यस्तै व्यवस्था केही समय कार्यान्वयनमा आएर पुनः फितलो बनेको उल्लेख गर्दै अहिलेको कडाइले सीमापारबाट हुने अनियन्त्रित खरिद–बिक्री नियन्त्रणमा सहयोग पुग्ने विश्वास व्यक्त गर्नुभयो।

"सीमापारको बजारका कारण स्थानीय उद्योगी व्यवसायीहरू प्रतिस्पर्धामा टिक्न कठिन भएको अवस्था थियो", अध्यक्ष आचार्यले भन्नुभयो, "नयाँ सरकार र गृहमन्त्रीको निर्देशनपछि सीमा क्षेत्रमा कडाइ हुनु सकारात्मक छ।" यद्यपि, उहाँले दैनिक ज्यालादारी मजदुर तथा न्यून आय भएका सर्वसाधारणलाई ध्यानमा राख्दै रु १०० को सीमालाई व्यवहारिक बनाउनेतर्फ पुनरावलोकन आवश्यक रहेको धारणा राख्नुभयो। "यो सीमा रु एक हजार ५०० देखि रु दुई हजारसम्म पुर्‍याउँदा व्यवहारिक हुने देखिन्छ", उहाँले सुझाव दिनुभयो।

उहाँले उपभोक्ताहरूलाई स्वदेशी बजारमै सामान खरिद गर्न आग्रह गर्दै व्यवसायीहरूलाई पनि न्यून नाफामा गुणस्तरीय सेवा दिन आग्रह गर्नुभयो। भन्सार प्रशासनले नेपाल प्रहरी र सशस्त्र प्रहरी बलसँग समन्वय गर्दै सीमा क्षेत्रमा निगरानी बढाएको जनाएको छ। भन्सार छली तथा चोरी पैठारी नियन्त्रणका लागि संयुक्त गस्ती र जाँचलाई थप प्रभावकारी बनाइएको हो।

सूचना अधिकारी ढुङ्गानाले यो कार्य चुनौतीपूर्ण भए पनि कानुन कार्यान्वयनमा कुनै सम्झौता नगर्ने स्पष्ट पार्नुभयो। नियम कार्यान्वयनसँगै रायसी प्रयोजनका नाममा हुने अवैध आयात नियन्त्रणमा आउने, स्थानीय बजार चलायमान हुने र वैधानिक व्यापार प्रवर्द्धन हुने अपेक्षा गरिएको छ।

# पूर्वउपसभापति खड्कालाई सातदिने स्पष्टीकरण

काठमाडौँ, २ वैशाख। नेपाली कांग्रेसले पार्टीका पूर्वउपसभापति पूर्णबहादुर खड्कालाई सात दिने स्पष्टीकरण सोध्ने निर्णय गरेको छ। कांग्रेस अनुशासन समितिको आज बसेको बैठकले पार्टीको लेटरप्याडमार्फत आफूसँग नभएको जिम्मेवारी प्रयोग गरी नेता खड्काले गत चैत ३० गते विधान विपरित काम गरेको भन्दै सो कारबाही गरेको जनाएको छ।

समितिले नेता खड्काले यसअघि चैत १४ गते पनि पार्टीको लेटरप्याडमार्फत वक्तव्य जारी गरेको भन्दै सचेत गराउने निर्णय गरेको थियो। यसैगरी समितिले गत फागुन २१ गते सम्पन्न प्रतिनिधिसभा सदस्य निर्वाचनमा पार्टीको विधानविपरित अनुशासन उल्लङ्घन गरेका व्यक्ति उपर उजुरी दिने अवधि थप गरी यही वैशाख मसान्तसम्म थप गर्ने निर्णय गरेको छ।

# राष्ट्रिय आर्थिक गणना सुरु

काठमाडौँ, २ वैशाख। देशको समग्र आर्थिक अवस्थाबारे बुझ्न तथा विकास योजना तर्जुमा गर्न आवश्यक पर्ने विस्तृत विवरण सङ्कलनका निम्ति दोस्रो राष्ट्रिय आर्थिक गणना सुरु भएको छ। देशभर ८४ वटा जिल्ला आर्थिक गणना कार्यालय स्थापना गरेर तथ्याङ्क सङ्कलन थालेको राष्ट्रिय तथ्याङ्क कार्यालयले जनाएको छ। उक्त कार्यालयले आज यहाँ पत्रकार सम्मेलन गरेर चार हजार ४३३ जना तालिमप्राप्त गणक तथा सुपरीवेक्षक आगामी असार ७ गतेसम्म तथ्याङ्क सङ्कलनमा परिचालन हुने जानकारी दिएको हो।

उक्त कार्यालयका प्रवक्ता ढुण्डीराज लामिछानेका अनुसार उद्योग, व्यापार, सेवा, निजी व्यवसाय, सहकारी तथा सार्वजनिक संस्थानहरूको सङ्ख्या, वितरण, रोजगारी, उत्पादन तथा सेवा प्रवाहसम्बन्धी विस्तृत विवरण सङ्कलन गरिने छ। अन्तरराष्ट्रिय औद्योगिक वर्गीकरणअनुसार अर्थतन्त्रका २१ मध्ये १८ क्षेत्रमा आधारित आर्थिक क्रियाकलापलाई गणनामा समेटिएको छ। गणनामा दर्ता भएका तथा नभएका साना–ठूला व्यवसाय, गैरसरकारी संस्था, विद्यालय, अस्पताललगायत आर्थिक गतिविधिमा संलग्न एकाइहरूमा समावेश छन् भने कूटनीतिक नियोग, सुरक्षा निकाय तथा घरायसी क्रियाकलापलाई गणनामा समावेश गरिएको छैन।

"गणनालाई सफल बनाउन केन्द्रदेखि स्थानीय तहसम्म समन्वय समितिहरू गठन गरिएका छन्। साथै, स्थानीय तह र वडा कार्यालयसँग सहकार्य, उद्योग व्यवसायसँग सम्झौता तथा सञ्चारमाध्यममार्फत प्रचारप्रसार गरिएको कार्यालयले जनाएको छ। रेडियो, टेलिभिजन तथा डिजिटल माध्यमबाट जनचेतना अभिवृद्धिका कार्यक्रम सञ्चालनमा छन्", प्रवक्ता लामिछानेले भन्नुभयो, "प्राविधिक रूपमा गणनालाई सुदृढ बनाउन अनलाइन 'इ–सेन्सस' प्लेटफर्म सञ्चालनमा ल्याइएको छ भने भौगोलिक सूचना प्रणाली ( जिआइएस) मार्फत गणना क्षेत्र पहिचान गरिएको छ।"

साथै उहाँले उद्यमी, व्यवसायी, सेवा प्रदायक तथा सङ्घसंस्थालाई सत्य, पूर्ण र विश्वसनीय विवरण उपलब्ध गराउन आग्रह गर्नुभयो। सङ्कलित सबै विवरण तथ्याङ्क ऐन, २०७९ अनुसार गोप्य राखिने छ।

# ट्राफिकसँग रहेका नौ हजार सक्कली कागजपत्र लिन कोही आएनन्

चितवन, २ वैशाख। जिल्ला ट्राफिक कार्यालयले जाँचका क्रममा नियन्त्रणमा लिइएको सवारीचालक अनुमतिपत्रसहितका कागजपत्र फिर्ता लैजान अनुरोध गरेको छ। ट्राफिक नियम उल्लङ्घनको अभिलेख प्रणाली लागू भएसँगै जिल्ला ट्राफिक प्रहरी कार्यालयमा रहेका आठ हजार ९८२ वटा कागजपत्र फिर्ता लैजान कार्यालयले सर्वसाधारणसँग आग्रह गरेको हो।

कार्यालयका प्रमुख प्रहरी निरीक्षक अनिल थापाका अनुसार विसं २०८० देखि ट्राफिक प्रहरीले 'ट्राफिक भायोलेसन रेकर्ड सिस्टम' राख्न सुरु गरेसँगै कागजात सङ्कलन भएको हो। विभिन्न मिति र स्थानमा गरिएको जाँचका क्रममा चौबीसघण्टे पूर्जी प्राप्त गरेका तर तोकिएको समयभित्र जरिवाना दाखिल नगरेका सवारी चालक तथा धनीहरूलाई १० दिनभित्र कागजपत्र लिन आग्रह गरिएको हो। उहाँका अनुसार सवारीचालक अनुमतिपत्र, ब्लुबुक, मार्ग अनुमतिजस्ता सक्कली कागजात कार्यालयमा छ।

कतिपय आगलागीका क्रममा नष्ट भएको भए पनि त्यस्ता कागजातका लागि समेत नयाँ बनाउन सिफारिस गर्न सकिने भएकाले राजस्व बुझाएर लिन आग्रह गरिएको हो।कार्यालयले यस आर्थिक वर्षमा मात्रै यस्ता कागजपत्र दुई हजार २४८ नियन्त्रणमा लिएको र पछि सवारी धनी लिन नआएको जनाएको छ। दश दिनभित्र कागज फिर्ता नलगे सवारी तथा यातायात व्यवस्था ऐन, २०४९ को दफा १६४ को उपदफा ५ बमोजिम एक महिनासम्म निलम्बन गरिने उहाँले बताउनुभयो।

# नेता खड्काको मुद्दामा अनुसन्धान फाइल झिकाउने आदेश

काठमाडौँ, २ वैशाख। सर्वोच्च अदालतले सम्पत्ति शुद्धीकरणको कसुरमा पक्राउ परेका नेपाली कांग्रेस नेता एवं पूर्वमन्त्री दीपक खड्काको अनुसन्धान फाइल झिकाउने आदेश गरेको छ। न्यायाधीशद्वय तिलप्रसाद श्रेष्ठ र शान्तिसिंह थापाको संयुक्त इजलासले आज नेता खड्काकी श्रीमती विनिता थापाले दायर गर्नुभएको बन्दीप्रत्यक्षीकरणको रिट निवेदनमाथि सुनुवाइ गर्दै उक्त अनुसन्धान फाइल झिकाउने आदेश गरेको हो।

अदालतले राजस्व अनुसन्धान विभागलाई बिहीबार १२:०० बजेभित्रमा लिखित जवाफ पेस गर्न र अनुसन्धानको फाइल बुझाउन भनिएको छ। नेता खड्कामाथि पछिल्लो समय राजस्व अनुसन्धान विभागबाट अनुसन्धान चलिरहेको छ। नेता खड्कालाई सम्पत्ति शुद्धीकरणको कसुरमा सम्पत्ति शुद्धीकरण विभागले पक्राउ गरे पनि अनुसन्धान गरेर प्रतिवेदनसहित आन्तरिक राजस्व अनुसन्धान विभागमा पठाएको थियो। आन्तरिक राजस्व अनुसन्धान विभागले फेरि फाइल राजस्व अनुसन्धान विभागमा पठाएको छ।

आदेशमा भनिएको छ, "म्याद थपका लागि राजस्व अनुसन्धान विभागले गरेको अनुरोध र अदालतले म्याद दिँदाका सम्पूर्ण कागजातसहितको मिसिल तथा ललितपुर अदालतबाट म्याद थप हुँदा थप पर्चा खडा गरिएको भए सो पर्चासमेत संलग्न गरी २०८३ वैशाख ३ गते १२:०० बजेभित्रमा प्राप्त हुने गरी राजस्व अनुसन्धान विभाग र ललितपुर जिल्ला अदालतबाट निज निवेदकलाई थुनामा राख्नुको कारणसहितको लिखित जवाफ समेत झिकाइ प्रस्तुत रिट निवेदन २०८३ वैशाख ३ गतेका लागि नियमानुसार पेसी तोक्नु।"

### *हेटौँडा सिमेन्ट ...*

प्राधिकरणसँग नियमित विद्युत् आपूर्ति गरिदिनुस् भन्न सकिने अवस्था नरहेको उहाँको कथन छ।

विसं २०३३ मा हेटौँडाको लामसुरेमा स्थापना भएको उक्त उद्योगले २०४३ सालदेखि सिमेन्ट उत्पादन सुरु गरेको थियो। अहिले उपकरण पुरानो भइसकेको र राम्ररी उत्पादन गर्न सक्ने अवस्थामा नरहेको प्राविधिकहरूको भनाइ छ।

### *लहानमा क्रिकेट ...*

रंगशाला निर्माण भएसँगै यहाँका प्रतिभाहरू मूलधारमा आउने र लहान खेलकुदको हब बन्ने विश्वास नगर प्रमुख चौधरीले व्यक्त गरे। यसले स्थानीय अर्थतन्त्र र पर्यटनमा पनि सकारात्मक प्रभाव पार्ने उनले बताए।

### *निर्धारित समयभन्दा...*

भन्नुभयो, "विगतमा यो पुल सधैँ चुनावी नारा मात्र बन्थ्यो। अब यो सपना साकार भएको छ। लहानकै सबैभन्दा बढी तरकारी उत्पादन हुने यस क्षेत्रका किसानलाई अब वर्षायाममा पनि बजारसम्म उत्पादन पुर्‍याउन सहज हुनेछ।"

लहान–२४ का वडाध्यक्ष राशलाल राय राजपुतले पुल निर्माणले यस क्षेत्रको विकासका लागि ढोका खोलेको बताउनुभयो। उहाँले भन्नुभयो, "झुटकी गाउँ चारैतिरबाट सर्रे खोलाले घेरिएको कारण वर्षामा टापु जस्तै बन्थ्यो। बिरामीलाई अस्पताल पुर्‍याउन र किसानलाई बजार पुग्न निकै कठिन थियो। अब यो पुलले पर्यटकीय स्थल मानिकदहसम्म बाह्रै महिना सहज पहुँच पुर्‍याउनेछ, जसले स्थानीयको जीवनस्तर बदल्ने निश्चित छ।" पुल निर्माणसँगै सिरहाको प्रसिद्ध धार्मिक स्थल सलहेश फूलबारी, मानिकदह, पकडियागढ र मैसोथासम्मको 'कनेक्टिभिटी' बलियो हुनेछ।

### *दश हजारभन्दा...*

सट्टेबाजी गर्न वा गराउन नपाइने व्यवस्था छ। उक्त प्रावधान उल्ल  न गरेमा सोही दफाको उपदफा (६) अनुसार प्रयोग भएको रकम जफत गरी एक वर्षसम्म कैद तथा रु १० हजारसम्म जरिवाना हुनसक्ने व्यवस्था छ।

त्यसैगरी, विज्ञापन (नियमन गर्ने) ऐन, २०६६ ले समेत जुवा खेल्न वा खेलाउन तथा अनुमति नलिएको चिट्ठा किन्न–किनाउन प्रोत्साहन गर्ने किसिमका विज्ञापन गर्न निषेध गरेको छ। सो विपरीत कसुर गरेमा प्रचलित कानुनअनुसार सजाय हुने र अन्यथा एक वर्षसम्म कैद तथा रु १० हजारसम्म जरिवाना हुने प्रावधान रहेको छ। सरकारले नेपालभर सञ्चालनमा रहेका सट्टेबाजी एप तथा वेबसाइट प्रयोग नगर्न तथा सञ्चालन नगर्न आग्रह गरेको छ। साथै, कसैले अनधिकृत रूपमा यस्ता गतिविधि सञ्चालन वा प्रयोग गरेको पाइएमा सम्बन्धित निकायबाट कडा कानुनी कारबाही गरिने चेतावनीसमेत दिइएको छ।

मार्गानुगामी राष्ट्रिय दैनिकका लागि **प्रकाशक :** राम बाबु यादव, **सम्पादक :** कमलेश कुमार यादव, **सह–सम्पादक :** सत्य नारायण चौधरी, **कानुनी सल्लाहकार:** कृष्ण प्रसाद ढुंगेल **कम्प्यूटर ले-आउट : मार्गानुगामी दैनिक**
**कार्यालय :** गोलबजार न.पा-६ (सिरहा) फोन नं. ०३३५४०३५६, ९८५२८३२६३४ *e-mail :* mgnd2070@gmail.com, website : www.marganugami.com, **मुद्रक :** न्यू यदुवंशी अफसेट प्रेस, लहान, (सिरहा)